मर्कन्टाईल एक्सचेन्ज नेपाल लिमिटेड

जहाँ गर्छ राष्ट्रले कारोबार

आइ.एस.ओ. ९००१:२०१५ बाट मान्यता प्राप्त एक्सचेन्ज

# गर्ने र नगर्ने

## ग्राहक, सब-ब्रोकर, ब्रोकर,

## व्यक्तिगत र संस्थागत मार्केट मेकर

## र

## क्लियरिङ्ग सदस्यका लागि

| विषय सूचि | पृष्ठ नं |
|---|---|
| ग्राहक र व्यक्तिगत मार्केट-मेकरका लागि | १ |
| सब-ब्रोकरका लागि | २ |
| ब्रोकरका लागि | ३ |
| क्लियरिङ्ग सदस्य र संस्थागत मार्केट-मेकरका लागि | ५ |
| वस्तु बजारमा व्यापार/कारोबार गर्दा | ७ |
| ग्राहक, सब-ब्रोकर र व्यक्तिगत मार्केट-मेकरका दायित्वहरु | ८ |

## ग्राहक र व्यक्तिगत मार्केट-मेकरका लागि

**गर्ने**

१) ग्राहकले कारोबार, एक्सचेन्जमा दर्ता भएको ब्रोकर र क्लियरिङ्ग सदस्यबाट मात्र गुर्नपर्छ । दर्ता भएका ब्रोकर र क्लियरिङ्ग सदस्यहरुको विवरण एक्सचेन्जको वेबसाईट www.mexnepal.com बाट प्राप्त गर्न सकिनेछ ।

२) ग्राहक बनि कारोबार गर्नु अगाडि “ग्राहक दर्ता फारम” (Client Registration Form) भर्न जरुरी छ ।

३) सम्बन्धित ब्रोकरबाट ग्राहकले आफ्नो “विशेष ग्राहक कोड” (Unique Client Code) लिन जरुरी छ र आफ्नो कारोबार, प्राप्त गरेको विशेष ग्राहक कोडबाट नै भईरहेको छ कि छैन ध्यान दिनु पर्छ ।

४) ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता गरेर मात्र कारोबार गर्नुहोला ।

५) “जोखिम प्रकटिकरण दस्तावेज" (Risk Disclosure Document) पढेर मात्र सहि गर्नुहोला ।

६) व्यक्तिगत मार्केट-मेकरको लागि, “नियम र शर्तहरु” पढेर र सहि गरेर मात्र कारोबार गर्नुहोला ।

७) ग्राहकले आफूले भरेको ग्राहक दर्ता फारम, ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता र अरु कागजातहरुको प्रतिलिपि राख्न जरुरी छ ।

८) एक्सचेन्जको नियम कानून, जारी गरेको परिपत्रहरु, सूचनाहरु तथा ब्रोकर-ग्राहक/क्लियरिङ्ग सदस्य-ग्राहक सम्झौता ध्यानपूर्वक पढि आफ्नो र ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउसको अधिकार, जिम्मेवारी र कर्तव्यहरु जान्न जरुरी हुन्छ ।

९) कारोबार सुरु गर्नु अगाडि सम्बन्धित प्रश्नहरु सोधी र शंकाहरु ब्रोकर/क्लियरिङ्ग सदस्यसँग छलफल गरी समाधान गुर्न जरुरी छ ।

१०) कारोबारको लागि चाहिने रकम (Margin) समय भित्र र i-banking वा नगद (बैंकले निर्धारित गरेको सीमा अनुसार) वा Cheque वा एक्सचेन्जले तोकेको अरु प्रक्रियाबाट जम्मा गर्नु जरुरी छ । सो जम्मा गरेको रकमको रसिद निर्दिष्ट बैंकबाट लिनु जरुरी छ ।

११) आफ्नो खातामा कार्यान्वयन भएको कारोबारका लागि तिर्नुभएको कारोबार शुल्क (कमिशन) का लागि ब्रोकरसँग भ्याट बिल माग्नुहोस् ।

१२) तपाईले गरेको नाफामा तपाईले तिर्नुभएको टि.डि.एस. का लागि "TDS Withholding Certificate" को माग गर्नुहोला ।

### नगर्ने

१) एक्सचेन्जमा दर्ता नभएका ब्रोकर/क्लियरिङ्ग सदस्य मार्फत् कारोवार नगर्ने ।

२) एक्सचेन्जले प्रदान गरेको कारोवार स्थल (Trading Console) मार्फत् बाहेक अरु व्यापारिक स्थल वा व्यक्ति मार्फत् कारोवार नगर्नुहोस् किनकि यस्ता कारोबार गैह्रकानूनी हुन्छन् र एक्सचेन्जको अधिकारक्षेत्र बाहिर पर्दछन् ।

३) आफ्नो ब्रोकर/सब-ब्रोकर वा कुनै पनि अन्य तेस्रो व्यक्तिसँग आफ्नो कारोबार स्थलको Login विवरण नबाँड्नुहोस् ।

४) कुनै ब्रोकर/क्लियरिङ्ग सदस्यसँग सुनिश्चित लाभको सम्झौता नगर्ने ।

५) लोभ्याउने विज्ञापन, हल्ला, टिप्स, स्पष्ट, अस्पष्ट वादाहरुलाई नपत्याउने ।

६) आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँग नगदमा कारोवार नगर्ने ।

७) जोखिम प्रकटिकरण दस्तावेज र ब्रोकर/क्लियरिङ्ग सदस्यसँगको सम्झौता नपढि कागजातमा सहि गरेर कारोवार नगर्ने ।

८) बजारमा हुन सक्ने क्षतिबारे नजानिकन कारोवार सुरु नगर्ने ।

९) एक्सचेन्जले तोकेको कारोवार शुल्क भन्दा बढि नतिर्ने ।

## सब-ब्रोकरका लागि

### गर्ने

१) ग्राहकको तर्फबाट कारोबार, एक्सचेन्जमा दर्ता भएको ब्रोकर/क्लियरिङ्ग सदस्यबाट मात्र गुर्नपर्छ । दर्ता भएका ब्रोकर र क्लियरिङ्ग सदस्यहरुको विवरण एक्सचेन्जको वेबसाईट www.mexnepal.com बाट प्राप्त गर्न सकिनेछ ।

२) सब-ब्रोकर बनि ग्राहकको तर्फबाट कारोबार गर्नु अगाडि "सब-ब्रोकर दर्ता फारम" (Sub-broker Registration Form) भर्न र ब्रोकर-सब ब्रोकर/क्लियरिङ्ग सदस्य-सब ब्रोकर सम्झौता हस्ताक्षर गर्न जरुरी छ र सम्बन्धित ब्रोकरबाट आफ्नो "विशेष सब-ब्रोकर कोड" (Unique

Sub-broker Code) लिन जरुरी छ र यस्तो कार्यान्वयन भएका सबै कागजातहरुको प्रतिलिपि राख्न जरुरी छ ।

३) एक्सचेन्जको नियम कानून, जारी गरेको परिपत्रहरु, सूचनाहरु तथा ब्रोकर-सब ब्रोकर/ क्लियरिङ्ग सदस्य-सब ब्रोकर सम्झौता ध्यानपूर्वक पढि आफ्नो र ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउसको अधिकार, जिम्मेवारी र कर्तव्यहरु जान्न जरुरी हुन्छ ।

४) कारोबार सुरु गर्नु अगाडि सम्बन्धित प्रश्नहरु सोधी र शंकाहरु ब्रोकर/क्लियरिङ्ग सदस्यसँग छलफल गरी समाधान गर्न जरुरी छ ।

### नगर्ने

१) एक्सचेन्जमा दर्ता नभएका ब्रोकर/ क्लियरिङ्ग सदस्य मार्फत् कारोबार नगर्ने ।

२) एक्सचेन्जले प्रदान गरेको कारोवार स्थल (Trading Console) मार्फत् बाहेक अरु व्यापारिक स्थल वा व्यक्ति मार्फत् कारोवार नगर्नुहोस् किनकि यस्ता कारोवार गैह्रकानूनी हुन्छन् र एक्सचेन्जको अधिकारक्षेत्र बाहिर पर्दछन् ।

३) आफ्नो ब्रोकर/ग्राहक वा कुनै पनि अन्य तेस्रो व्यक्तिसँग आफ्नो कारोबार स्थलको Login विवरण नबाँड्नुहोस् ।

४) कुनै ब्रोकर/क्लियरिङ्ग सदस्यसँग सुनिश्चित लाभको सम्झौता नगर्ने ।

५) लोभ्याउने विज्ञापन, हल्ला, टिप्स, स्पष्ट, अस्पष्ट वादाहरुलाई नपत्याउने ।

६) आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँग नगदमा कारोवार नगर्ने ।

७) जोखिम प्रकटिकरण दस्तावेज र ब्रोकर/क्लियरिङ्ग सदस्यसँगको सम्झौता नपढि कागजातमा सहि गरेर ग्राहकको तर्फबाट कारोबार नगर्ने ।

८) बजारमा हुन सक्ने क्षतिबारे नजानिकन कारोवार सुरु नगर्ने ।

## ब्रोकरका लागि

### गर्ने

१) एक्सचेन्जका दर्ता भएका क्लियरिङ्ग सदस्य वा क्लियरिङ्ग हाउससँग मात्र Brokership लिनुहोस् । दर्ता भएका क्लियरिङ्ग सदस्यहरु/क्लियरिङ्ग हाउसको विवरण एक्सचेन्जको वेबसाईट www.mexnepal.com बाट प्राप्त गर्न सकिनेछ ।

२) ब्रोकर बनि व्यापार गर्नु अगाडि "निवेदन फारम" भर्न र क्लियरिङ्ग सदस्य-ब्रोकर वा क्लियरिङ्ग हाउस-ब्रोकर सम्झैता पत्र हस्ताक्षर गर्न र विशेष ब्रोकर कोड लिन जरुरी छ र यस्तो कार्यान्वयन भएका सबै कागजातहरुको प्रतिलिपि राख्न जरुरी छ ।

३) एक्सचेन्जमा दर्ता हुनु अगाडि "दर्ता फारम" (Registration Form) भर्न जरुरी छ ।

४) एक्सचेन्जको नियम कानून, जारी गरेको परिपत्रहरु, सूचनाहरु, ग्राहक हाते किताब, बैंकका नीतिहरु, तथा क्लियरिङ्ग सदस्य -ब्रोकर सम्झौता वा क्लियरिङ्ग हाउस-ब्रोकर सम्झौता ध्यानपूर्वक पढि आफ्नो, क्लियरिङ्ग सदस्य र क्लियरिङ्ग हाउसको अधिकार, जिम्मेवारी र कर्तव्यहरु जान्न जरुरी हुन्छ ।

५) व्यापार सुरु गर्नु अगाडि सम्बन्धित प्रश्नहरु सोधी र शंकाहरु क्लियरिङ्ग सदस्य/ क्लियरिङ्ग हाउससँग छलफल गरी समाधान गुर्न जरुरी छ ।

६) ग्राहक/व्यक्तिगत मार्केट-मेकरका तर्फबाट राजस्व विभागलाई तिरिएको टि.डि.एस. को विवरणको माग गर्नुहोस् ।

७) ग्राहक/व्यक्तिगत मार्केट-मेकरबाट आएको कारोबार शुल्कको आमदानीको सरकारलाई भ्याट तिर्नुहोस् ।

८) ग्राहक/व्यक्तिगत मार्केट-मेकरबाट पाउने कारोबार शुल्कको लागि आफ्नो ग्राहक/व्यक्तिगत मार्केट-मेकरलाई भ्याट बिल दिनुहोस् ।

**नगर्ने**

१) एक्सचेन्जमा दर्ता नभएका क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउस मार्फत् कारोवार नगर्ने ।

२) एक्सचेन्जले प्रदान गरेको कारोवार स्थल (Trading Console) मार्फत् बाहेक अरु व्यापारिक स्थल वा व्यक्ति मार्फत् कारोवार नगर्नुहोस् किनकि यस्ता कारोबार गैह्रकानूनी हुन्छन् र एक्सचेन्जको अधिकारक्षेत्र बाहिर पर्दछन् ।

३) कुनै क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँग सुनिश्चित लाभको सम्झौता नगर्ने ।

४) लोभ्याउने विज्ञापन, हल्ला, टिप्स, स्पष्ट, अस्पष्ट वादाहरुलाई नपत्याउने ।

५) आफ्नो क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँग नगदमा कारोवार नगर्ने ।

६) बजारमा हुन सक्ने क्षतिबारे नजानिकन कारोवार सुरु नगर्ने ।

## क्लियरिङ्ग सदस्य / संस्थागत मार्केट-मेकरका लागि

### सदस्यता लिनु अघि -

**गर्ने**

१)	मेक्ससँग सम्झौता गर्नु अघि मेक्स र/वा क्लियरिङ्ग हाउसका नियम, कानून, नीतिहरु र परिपत्रहरुसँग परिचित हुनुहोस् ।

२)	एक्सचेन्जको अधिकृत प्रतिनिधिसँग आफ्नो प्रश्नहरु उठाएर सबै शंकाहरु हटाउनुहोस् ।

**नगर्ने**

१)	वस्तु बजारको निष्पक्ष ज्ञान नभएसम्म र त्यसमा संलग्न जोखिम नबुझेसम्म एक्सचेन्जसँग सम्झौता हस्ताक्षर नगर्नुहोस् ।

### सदस्यता लिने बेला -

**गर्ने**

१)	मेक्ससँग सम्झौता हस्ताक्षर गर्नु अघि एक्सचेन्ज-क्लियरिङ्ग सदस्य र एक्सचेन्ज-मार्केट-मेकर सम्झौता पत्र पढ्नुहोस्, बुझ्नुहोस् अनि मात्र सम्झौता कार्यान्वयन गर्नुहोस् ।

२)	फारममा सही र पूर्ण विवरण भर्नुहोस् । नतोकिएसम्म, कुनै पनि ठाँउ खाली नछोड्नुहोस् ।

३)	तपाईले प्रदान गरेको जानकारीले नै तपाईको एक्सचेन्जसँगको सम्बन्धको आधार हुनेछ त्यसैले तथ्यात्मक र सही जानकारी मात्र प्रदान गर्नुहोस् ।

४)	सम्झौता हस्ताक्षर गर्नु अघि सदस्यता लिने बेला भर्नुपर्ने सबै अनुबंध पढ्नुहोस् र बुझ्नुहोस् ।

५)	आफ्नो पत्राचार ठेगाना सँधै अपडेट गर्नुहोस् ।

**नगर्ने**

१)	आफ्नो शंकाहरु नहटाईकन एक्सचेन्ज-क्लियरिङ्ग सदस्य र एक्सचेन्ज-मार्केट-मेकर सम्झौता पत्र हस्ताक्षर नगर्नु होला ।

२)	फारममा गलत र अपूर्ण विवरण नभर्नुहोस् । अधिलेखन नगर्नुहोस् र गलत हिज्जे प्रयोग नगर्नुहोस्।

३)	तथ्यात्मक गलत जानकारी/विवरण प्रदान नगर्नुहोस् किनकि त्यो अवैध मानिनेछ ।

**सदस्यता लिइसके पछि-**

**गर्ने**

१) सार्वजनिक उपलब्ध जानकारी लिई र प्रदान गरिएको जानकारी बुझी मात्र लगानी/कारोबार गर्नुहोस् ।

२) उपलब्ध जानकारीको सत्यता जाँच गर्नुहोस् ।

३) जानकारीको लागि कम्पनीहरु, ब्रोकरहरु, क्लियरिङ्ग हाउस, एक्सचेन्ज र नियामक निकायको वेबसाइट हेर्नुहोस् ।

४) क्लियरिङ्ग सदस्य-ब्रोकर, क्लियरिङ्ग सदस्य-ग्राहक, ब्रोकर-ग्राहक, क्लियरिङ्ग सदस्य-सब ब्रोकर, ब्रोकर-सब ब्रोकर सबैको सम्झौता पत्र र अन्य कागजातहरुको प्रतिलिपि राम्ररी र सुरक्षित राख्नुहोस् ।

५) कारोबार विवरण भएका सबै कागजातहरु राख्नुहोस् ।

६) ब्रोकर, व्यक्तिगत मार्केट-मेकर, सब-ब्रोकर र ग्राहकहरुका सबै विवरण र जानकारीहरु गोप्य राख्नुहोस् ।

**नगर्ने**

१) उपयुक्त स्रोतबाट उत्पत्ति नभएको जानकारीबाट प्रभावित नहुनुहोस् ।

२) बजारमा फैलिएका अफवाहहरुमा नबहकिनु ।

३) कुनै पनि यस्तो कारोबार गतिविधिमा लिप्त नहुनुहोस् जसले बजार अवस्थ गडबडी गर्छ । यसमा मूल्य हेरफेर पनि पर्दछ ।

४) हुलका पछि नलाग्नुहोस् वा गतिमा नखेल्नुहोस् । यो तपाईको विरुद्ध जानसक्छ ।

५) लोभ्याउने विज्ञापनलाई नपत्याउने ।

६) स्पष्ट नभएको निर्देशनहरु नदिनुहोस् । निर्देशनहरु मौखिक रुपमा दिंदा रेकर्डेड फोनमा दिनुहोस् वा लिखित रुपमा दिनुहोस् ।

## वस्तु बजारमा व्यापार/कारोबार गर्दा

### गर्ने

१) वस्तुबजारको फ्युचर्स कारोबारसँग परिचित हुनुहोस् ।

२) वस्तु बजारका लागि लागू भएको टि.डि.एस, कारोबार शुल्क सम्बन्धी प्रबन्ध र दर बुझ्नुहोस् ।

३) एक्सचेन्ज र/वा क्लियरिङ्ग हाउसद्वारा समय-समयमा जारि गरिने परिपत्रहरुबारे जानकारी राख्नुहोस्, पढ्नुहास् र बुझ्नुहोस् ।

४) किन-बेचको लेनदेन/कारोबार गर्नु अघि मूल्य, कारोबार र राफसाफका सबै संयन्त्रको बारेमा सचेत हुनुहोस् ।

५) आफू इच्छुक भएको वस्तु/करारमा कारोबार गर्दा त्यो वस्तुलाई बुझ्न र त्यसको कारोबार र राफसाफमा प्रभाव पार्ने मापदण्डहरुका लागि 'प्रोडक्ट नोट' पढ्नुहोस् ।

६) फ्युचर्स बजारमा कारोबार गर्दा आफूले कारोबार गर्न लागेको वस्तुको ऐतिहासिक र मौसमी मूल्य प्रवृत्तिको अध्ययन गर्नुहोस् ।

७) वस्तु बजारमा लगानी गर्दा आफ्नै विवेकपूर्ण न्याय लिनुहोस् र सचेत निर्णय लिनुहोस् ।

८) मेक्स र/वा क्लियरिङ्ग हाउसले जारी गरेको सबै नियम, उप-नियम, परिपत्र र निर्देशनहरु पढ्नुहोस् ।

९) फ्युचर्स बजारमा विभिन्न प्रकारका मार्जिन उपयोग भएकोले, आफ्नो कारोबारसँग सम्बन्धित जोखिम र समय-समयमा जारि गरिने मार्जिन कलको बारेमा थाहा पाउनुपर्छ ।

१०) आफ्नो जोखिम लिने क्षमता थाहा पाउनुहोस् र नोक्सान रोक तय गर्नुहोस् । थप घाटा कम गर्नका लागि आफ्नो खुला कारोबार परिसमापन गर्नुहोस् ।

११) वस्तु/करारको कारोबार बिदा हुने तालिका वा उत्पाद पात्रोको जानकारी राख्नुहोस् ।

### नगर्ने

१) बजार अफवाहहरुको सिकार नहुनुहोस् ।

२) विश्वस्त नभएसम्म, कुनै पनि विश्लेषकहरु/सल्लाहकार/विशेषज्ञ/बजार सदस्यहरुको स्पष्ट/पूर्ण वादाहरु नमान्नुहोस् ।

३) उचित मूल्याङ्कन बिना, विभिन्न मुद्रण र विद्युतीय माध्यबाट बनाइएका रिपोर्ट/भविष्यवाणीको आधारमा कारोबारको निर्णय नलिनुहोस् ।

४) वस्तु बजार भावनाहरुको उतार/चढावको पछि नलाग्नुहोस् ।

५) सम्बन्धित जोखिम थाहा नपाइ कुनै पनि उत्पाद/वस्तुमा कारोबार नगर्नुहोस् ।

६) अनैतिक कारोबार अभ्यासहरुको पालना नगर्नुहोस् ।

## ग्राहक, सब-ब्रोकर र व्यक्तिगत मार्केट-मेकरका दायित्वहरु

**गर्ने**

१) कारोबार शुरु गर्नुअघि कारोबार स्थलसँग परिचित हुनुहोस् ।

२) कारोबार शुरु गर्नुअघि ग्राहक/व्यक्तिगत मार्केट-मेकरले क्लियरिङ्ग हाउसको वेबसाइटमा उपलब्ध ग्राहक दर्ता फारम (CRF) भर्नु आवश्यक छ र साथै परिचय र ठेगानाको प्रमाण पत्र र बैंक विवरण/कथन को प्रतिलिपि पेश गर्नु पर्छ ।

३) ग्राहक/व्यक्तिगत मार्केट मेकरले ब्रोकर/क्लियरिङ्ग सदस्यको आधिकारिक व्यक्तिसँग सम्झौता पत्र हस्ताक्षर गर्नुपर्छ र त्यसको प्रतिलिपि प्राप्त गर्न सल्लाह दिन्छौं ।

४) माथि उल्लेख गरे बाहेक, व्यक्तिगत मार्केट मेकरले एक्सचेन्जले प्रस्ताव गरेको वस्तु/करारका लागि मार्केट मेकरको भूमिका निर्वाह गर्नु अघि 'नियम र शर्तहरु- मार्केट-मेकरका लागि' सहि गर्नुपर्छ ।

५) सब-ब्रोकरले सब-ब्रोकर दर्ता फारम भर्नुपर्छ र साथै परिचय र ठेगानाको प्रमाणपत्र आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्यलाई पेश गर्नुपर्छ र ब्रोकर/क्लियरिङ्ग सदस्यको आधिकारिक व्यक्तिसँग सम्झौता हस्ताक्षर गर्नुपर्छ ।

६) ग्राहक/व्यक्तिगत मार्केट-मेकरले आफ्नो कारोबार सम्बन्धि गुनासाहरुलाई सम्बोधन गर्न आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्यलाई अनुरोध गर्न अधिकार छ ।

७) एक्सचेन्जको प्लाट्फर्ममा गरिएको कारोबार सन्दर्भमा विवादको मामलामा, ग्राहक/व्यक्तिगत मार्केट-मेकरले आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्यलाई सम्पर्क गर्नुपर्छ ।

८) ब्रोकर/क्लियरिङ्ग सदस्यले विवादको समाधान गर्न नसकेमा उनिहरुले ग्राहकको मामला र अवस्थामा निर्भर भई क्लियरिङ्ग हाउसमा सो विवाद राख्नेछन् यदि, क्लियरिङ्ग हाउसले विवादको समाधान गर्न नसकेमा क्लियरिङ्ग हाउसले एक्सचेन्जमा सो विवाद राख्ने छ ।

९) ग्राहक/ व्यक्तिगत मार्केट-मेकरको गुनासा/विवाद Snapshot को प्रमाण सहित ५ कारोबार दिन भित्र आफ्नो ब्रोकर/क्लियरिङ्ग सदस्य मार्फत् एक्सचेन्जमा पेस गर्नुपर्छ।

१०) ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँगका पत्राचारको प्रतिलिपि ग्राहक/व्यक्तिगत मार्केट-मेकरले राख्नुपर्छ र आवश्यक परेमा सो सुरक्षित राखि मध्यस्थताका बेला पेश गर्न मिल्छ।

११) एक्सचेन्जका नियमावली, नियम, उप-नियम र विनिमय अनुसार ग्राहक, सब-ब्रोकर र व्यक्तिगत मार्केट-मेकरलाई एक्सचेन्जमा गरिएको कारोबार र लेनदेन सम्बन्धि सबै अधिकार उपलब्ध छ जसका लागि क्लियरिङ्ग हाउसले कन्ट्राक्ट नोट पनि तिनीहरुलाई जारी गर्दछ।

१२) तेस्रो पक्ष स्थानान्तरण हुन नदिनका लागि ग्राहक/व्यक्तिगत मार्केट-मेकरले एक्सचेन्ज निर्दिष्ट बैंकमा आफ्नो खाता खोल्नु पर्छ किनकि एक्सचेन्जले सम्पत्ती शुद्धिकरण विरुद्धको ऐनको पनि पालना गर्दछ।

१३) एक्सचेन्जको प्लाटफर्ममा कारोबार गर्नका लागि ग्राहक/व्यक्तिगत मार्केट-मेकर कम्तीमा १८ वर्ष वा माथि हुनुपर्दछ।

१४) सब-ब्रोकरका रुपमा दर्ता हुनका लागि निवेदक कम्तीमा २१ वर्ष वा माथि हुनुपर्दछ।

१५) ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउससँगको पत्राचार क्रमका लागि ग्राहक, सब-ब्रोकर र व्यक्तिगत मार्केट- मेकरको निर्दिष्ट इमेल ठेगाना हुनुपर्छ।

**नगर्ने**

१) ग्राहक/सब-ब्रोकर/व्यक्तिगत मार्केट-मेकरलाई सीधा एक्सचेन्जमा आफ्नो गुनासो/विवाद राख्न अनुमति छैन।

२) एक्सचेन्ज प्लाटफर्ममा कारोबारका दौरान कुनै मतभेद वा घाटा उत्पन्न भएमा, मध्यथस्ताका लागि दाखिल गर्नु पूर्व ग्राहक/सब-ब्रोकर र व्यक्तिगत मार्केट-मेकरले उनको ब्रोकर/क्लियरिङ्ग सदस्य/क्लियरिङ्ग हाउस वा एक्सचेन्ज विरुद्ध कानुनी कारबाही गर्न कुनै अधिकार छैन।

३) ग्राहक/व्यक्तिगत मार्केट-मेकरले सब-ब्रोकर/एई सहित कुनै पनि व्यक्तिलाई आफ्नो यूजरनेम र पासवर्ड दिनु हुँदैन।

४) ग्राहक/व्यक्तिगत मार्केट-मेकरले आफ्नो कारोबार खाताबाट पूर्ण र अन्तिम निकासी गरेको छ भने आफ्नो खाता पुनर्जीवित/पुनःप्राप्त गर्न सकिँदैन।

५) कुनै पनि वस्तु/करारमा मार्जिन परिवर्तन भए वा एक्सचेन्जले समय-समयमा अरु कुनै परिवर्तन गरे, त्यो ग्राहक/व्यक्तिगत मार्केट-मेकरलाई पनि लागू हुनेछ । परिवर्तन कायम नगरेकोमा ग्राहक/व्यक्तिगत मार्केट-मेकरले कुनै पनि बहाना दिन मिल्ने छैन ।